क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः ४७, २०८२ साउन १५ गते बिहीबार (31 Jul., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# हुलाकी राजमार्गको धनगढीमा २ पुल नबन्दा सास्ती

**-पश्चिम नेपाल संवाददाता**
**धनगढी, १४ साउन**

कैलालीको धनगढी उपमहानगरपालिकामा हुलाकी राजमार्ग अन्तर्गतका दुई वटा पुल नबन्दा स्थानीयले सास्ती भोग्नु परेको छ ।

धनगढी उपमहानगरपालिका-८, धनगढीगाउँ र वडा नम्बर १ शान्तिनगर जोड्ने खोला र शान्तिनगर र वडा नम्बर २ को सन्तोषी टोल जोड्ने खोलामा पुल नबन्दा स्थानीयले सास्ती भोग्नु परेको हो। दुवै खोलामा पुल निर्माणका लागि चार वर्षअगाडि ठेक्का लगाइएको थियो । तर, अहिलेसम्म पुल बन्न नसक्दा स्थानीयवासी खोला तर्न वा घुमाउरो बाटो भएर वारिपारि ओहोरदोहोर गर्न बाध्य छन् ।



पुल नबन्दा खोला तर्नुपर्ने बाध्यता रहेको वडा नम्बर १ शान्तिनगरका निशा आउजीले बताइन । उनका अनुसार धनगढीगाउँ र शान्तिनगरसम्म आउजाउका लागि पुल बनिरहेको स्थानमा खोलामा ह्युमपाइप राखिएको थियो ।

बाढीले ह्युमपाइप बगाएपछि खोला तर्नुपर्ने बाध्यता छ । उनले भने, "ठुलो बाढी आएपछि घुमाउरो बाटो प्रयोग गरेर ओहोरदोहोर गर्नु पर्दछ किनभने वारिपारि गर्नका लागि नजिक पुल छैन । टाढा जानु पर्छ ।"

धनगढीगाउँ हुँदै त्रिनगर भन्सारसम्म हुलाकी राजमार्ग निर्माणको कार्य केही वर्षअगाडि नै सकिएको थियो तर राजमार्ग अन्तर्गत परेका दुई खोलामा पुल नबन्दा धनगढी गाउँ हुँदै भन्सारसम्म हुलाकी राजमार्गमा गाडी गुड्न सकेका छैनन्। पुल नबन्दा स्थानीयवासीलाई पनि वारिपारि गर्न समस्या भइरहेको छ ।

वडा नम्बर २ सन्तोषी टोलका स्थानीय शङ्कर चौधरीले खोलामा पुल बनेमा वारिपारि आउजाउ गर्न सहज हुने बताए। उनले चार वर्षअगाडि निर्माण गर्न सुरु गरिएको पुललाई निर्माण कम्पनीले अलपत्र छोडेको जिकिर गरेका छ ।

हुलाकी राजमार्ग अन्तर्गतका दुइटै खोलामा पुल निर्माणका लागि २०७८ फागुन १९ गते मालिका निर्माण सेवासँग ठेक्का सम्झौता गरिएको थियो । २५/२५ मिटर लामो दुवै पुलको क्रमशः पाँच करोड ७२ लाख र पाँच करोड ९२ लाख रुपियाँ लागत रहेको छ। सम्झौतानुसार २०८० असार १९ गते नै निर्माण कम्पनीले पुल सम्पन्न गर्नुपर्ने भए पनि अहिलेसम्म ६५ प्रतिशत काम मात्रै पूरा भएको हुलाकी राजमार्ग आयोजना कार्यालय धनगढीका इन्जिनियर रमेश पन्तले बताए ।

उनले भने, "दुवै पुलको सुपर स्ट्रक्चरको काम बाँकी रहेको छ।" तोकिएको समयावधिमा निर्माण पूरा नभएपछि पुलको तेस्रो पटक म्याद थप गरिएको छ ।

## प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्
## भिमदत्त बहुप्राविधिक शिक्षालय
### पाटन, बैतडी

CTEVT 1989

## डिप्लोमा तथा प्रमाण पत्र तहको नयाँ भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालय भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडीमा नयाँ शैक्षिक सत्र २०८२/०८३ को लागि पूर्ण शुल्किय तर्फ, **डिप्लोमा इन फार्मेसी** कार्यक्रममा ४० जनाको लागि तपशिल अनुसारका कोटाहरुमा आवेदन फारम खोलिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न. | कोटा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग |
|---|---|---|
| १ | महिला | १ |
| २ | दलित, हलिया, पूर्व कमैया | १ |
| ३ | पिछडिएका, दुर्गम, आर्थिक विपन्न, आदिवासी जनजाती | १ |
| ४ | अपाङ्ग, दन्द पिडित, जनयुद्ध/मधेश आन्दोलन विस्थापित, घाइते, शहिद परिवार | १ |
| ५ | TSLC/प्रि-डिप्लोमा | ४ |
| ६ | परिषद् कर्मचारी कोटा | १ |
| ७ | बैतडी जिल्ला कोटा | ३ |
| ८ | दार्चुला जिल्ला कोटा | २ |
| ९ | पाटन नगरपालिका कोटा | २ |
| १० | खुला | २० |
| ११ | वर्गीकृत छात्रवृति कोटा | ३ |
| १२ | जेहनदार छात्रवृति कोटा | १ |
| जम्मा | | ४८ |

**प्रवेश परीक्षा शुल्क** : १०००।-(एक हजार मात्र)
**आवेदन फारम वितरण मिति** : २०८२/०४/०६ गते मंगलबार देखि
**आवेदन फारम भर्ने अन्तिम मिति** : २०८२/०४/२६ गते सोमबारसम्म

**आवेदन फारमसाथ बुझाउनुपर्ने कागजातहरू**
◆**SEE/SLC** को लब्धाङ्क पत्रको प्रतिलिपि, ◆चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, ◆**SEE/SLC** को प्रमाण पत्रको प्रतिलिपि
◆जन्मदर्ता प्रमाण/नाबालिक प्रमाणपत्रको प्रतिलिपि ◆ आरक्षण कोटाको हकमा सम्बन्धीत निकायबाट सिफारिश पत्र
◆पासपोर्ट साइजको (**35 mm*45mm**) को रङ्गीन फोटो ३ प्रति

**आवश्यक न्युनतम योग्यता** :
डिप्लोमा इन फार्मेसी कार्यक्रमको हकमा मान्यतआ प्राप्त शिक्षण संस्थाबाट **SEE** परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान बिषय लिई **समग्रमा न्युनतम २.00 GPA** सबै कार्यक्रममा प्रि डिप्लोमा कोटाको लागि **कुल पूर्णङ्कमा ६८.३३ प्रतिशत अंक** प्राप्त गरी उत्तीर्ण गरेको ।
सम्पर्क नम्बर : ०९५४०००९४, ९८५८७८०३२९
नोट : आवेदन फारम **www.bdpi.edu.np** अथवा **www.ctevt.org.np** बाट पनि प्राप्त गर्न सकिनेछ ।
परीक्षार्थीहरुले **www.ctevtexam.org.np** बाट अनलाईन आवेदन बुझाउन पर्नेछ ।

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

## प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्
## भिमदत्त बहुप्राविधिक शिक्षालय
### पाटन, बैतडी

CTEVT 1989

## डिप्लोमा तथा प्रमाण पत्र तहको नयाँ भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालय भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडीमा नयाँ शैक्षिक सत्र २०८२/०८३ को लागि पूर्ण शुल्किय तर्फ, **डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग (ओभरसियर)** कार्यक्रममा ४८ जनाको लागि तपशिल अनुसारका कोटाहरुमा आवेदन फारम खोलिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न. | कोटा | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग |
|---|---|---|
| १ | महिला | १ |
| २ | दलित, हलिया, पूर्व कमैया | १ |
| ३ | पिछडिएका, दुर्गम, आर्थिक विपन्न, आदिवासी जनजाती | १ |
| ४ | अपाङ्ग, दन्द पिडित, जनयुद्ध/मधेश आन्दोलन विस्थापित, घाइते, शहिद परिवार | १ |
| ५ | TSLC/प्रि-डिप्लोमा | ५ |
| ६ | परिषद् कर्मचारी कोटा | १ |
| ७ | बैतडी जिल्ला कोटा | ३ |
| ८ | दार्चुला जिल्ला कोटा | २ |
| ९ | पाटन नगरपालिका कोटा | २ |
| १० | खुला | २६ |
| ११ | वर्गीकृत छात्रवृति कोटा | ४ |
| १२ | जेहनदार छात्रवृति कोटा | १ |
| जम्मा | | ४८ |

**प्रवेश परीक्षा शुल्क** : १०००।-(एक हजार मात्र)
**आवेदन फारम वितरण मिति** : २०८२/०३/२३ गते सोमबार देखि
**आवेदन फारम भर्ने अन्तिम मिति** : २०८२/०४/२० गते मंगलबारसम्म

**आवेदन फारमसाथ बुझाउनुपर्ने कागजातहरू**
◆**SEE/SLC** को लब्धाङ्क पत्रको प्रतिलिपि, ◆चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, ◆**SEE/SLC** को प्रमाण पत्रको प्रतिलिपि
◆जन्मदर्ता प्रमाण/नाबालिक प्रमाणपत्रको प्रतिलिपि ◆ आरक्षण कोटाको हकमा सम्बन्धीत निकायबाट सिफारिश पत्र
◆पासपोर्ट साइजको (**35 mm*45mm**) को रङ्गीन फोटो ३ प्रति

**आवश्यक न्युनतम योग्यता** :
**डिप्लोमा इन सिभल इन्जिनियरिङ्ग कार्यक्रमको** हकमा मान्यतआ प्राप्त शिक्षण संस्थाबाट **SEE** परीक्षामा **अनिवार्य गणित र विज्ञान बिषय लिई समग्रमा न्युनतम १.६ GPA** सबै कार्यक्रममा प्रि डिप्लोमा कोटाको लागि **कुल पूर्णङ्कमा ६८.३३ प्रतिशत** अंक प्राप्त गरी उत्तीर्ण गरेको ।
सम्पर्क नम्बर : ०९५४०००९४, ९८५८७८०३२९
नोट : आवेदन फारम **www.bdpi.edu.np** अथवा **www.ctevt.org.np** बाट पनि प्राप्त गर्न सकिनेछ ।
परीक्षार्थीहरुले **www.ctevtexam.org.np** बाट अनलाईन आवेदन बुझाउन पर्नेछ ।

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

# बेलडाँडी गाउँपालिकाले उपलब्धि विहिन कार्यक्रममा बाँड्छ हचुवा तालमा बजेट

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १४ साउन**


महालेखा परीक्षकको कार्यालयले बेलडाँडी गाउँपालिकाको वितरणमुखी बजेट खर्चमा प्रश्न चिन्ह उठाएको छ । गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को महालेखाले गरेको लेखा परीक्षण प्रतिवेदनमा कार्यविधि विना खर्च गरी पालिकाले खर्च गरेको औंल्याएको हो ।

गाउँपालिकाले कार्यविधि विना साँस्कृतिक साँस्कृतिक संरक्षण र खेलकूद कार्यक्रमका लागि लाखौं रुपैंया गरेको छ । महालेखाले ती कार्यक्रम पालिकालाई प्रतिफल दिन किसिमको नभएको उल्लेख गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनमा पालिकाले अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्न पर्ने अवस्था छ । पालिकाले यो प्रावधान विपरित वितरणमुखी बजेट खर्च गरेको प्रतिदनमा समावेश गरिएको छ ।

महालेखाको प्रतिवेदन अनुसार तीज, साँस्कृतिक जगेर्ना कार्यक्रम, रामलिला कार्यक्रम, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, भलमन्सा क्षमता विकास कार्यक्रम, जिल्ला स्तरीय क्रिकेट प्रतियोगिता, क्लबलाई प्रिन्टेट पोशाक, बृत्त चित्र निर्माण लगायतका शीर्षकमा खर्च गरिएको छ ।

यसमा सबैभन्दा बढी साँस्कृतिक जगेर्ना कार्यक्रममा ५ लाख खर्च गरिएको छ । त्यसपछि भलमन्सा क्षमता विकास कार्यक्रममा चार लाख खर्च गरिएको छ। गाउँपालिकाले वृत्त चित्र निर्माणमा दुई लाख खर्च गरेको छ। न्यू खप्तड युवा क्लबलाई ५० हजार, जिल्ला स्तरीय त्रिकेटलाई ६४ हजार ४



सय र रामलिलामा २ लाख ३० हजार खर्च गरिएको छ ।

महालेखाले पालिकालाई वितरणमुखी खर्च नियन्त्रण गर्न सुझाव दिएको छ। 'स्थानीय सरकार सालन ऐन २०७४ को दफा २४ मा थानीय तहले उपयोगिता सृजना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सांकृतिक संरक्षण र खेलकुद विकासका नाममा निम्नानुसार खर्च गरेको देखियो। कार्यविधि वेगर वितरणमुखी कार्यमा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल हुने देखिदैन' महालेखाले प्रतिवेदनमा भनेको छ, 'वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नु पर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।'

बेलडाँडी गाउँपालिकाका काँग्रेस कञ्चनपुरका उप सभापति हरिशचन्द्र राना अध्यक्ष छन्। गाउँपालिकाको प्रशासनिक नेतृत्व बीर बहादुर ऐरले गरेका छन् । प्रमुख प्रशासकीय अधिकृत ऐर आर्थिक वर्ष २०८०/०८१ देखि प्रमुख प्रशासकीय अधिकृत भएका हुन् ।

# सुदूरपश्चिमका डिआइजी बिकले बेलौरी पुगेर लिए सीमा क्षेत्रको शान्ति सुरक्षाबारे जानकारी

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, १४ साउन**



सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक डम्बर बहादुर विकले सीमा क्षेत्रको शान्ति सुरक्षाबारे जानकारी लिएका छन् ।

बेलौरी पुगेर प्रदेश प्रहरी प्रमुख विकले सीमा क्षेत्रका जनप्रतिनिधि, स्थानीयसित शान्ति सुरक्षा, लागु औषध, सीमा क्षेत्रका समस्या लगायत समसामयिक विषयमा अन्तरक्रिया तथा छलफल गरेका छन् ।

स्वागत मन्तव्य जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख प्रहरी उपरीक्षक खड्क बहादुर खत्रीले उक्त कार्यक्रमको आयोजनाले भारतीय सीमा नाकामा हुने ठगी, आपराधिक घटना, लागू औषध, भन्सार छली कार्य नियन्त्रणका लागि सहज हुने बताउँदै बालबालिकाहरु पनि लागू औषधको कुलतमा फसेको देखिएको उल्लेख गरे ।

उनले बैंकिङ्ग कसुरका घटना, घरेलु हिंसा, लैङ्गिक हिंसाका घटनाहरुमा अनुसन्धान गरिरहेको बताए । कार्यक्रममा बेलौरी नगरपालिका नगर उप प्रमुख जोगराम चौधरी, जिल्ला समन्वय समितिका उपप्रमुख रामकुमारी राना, बेलडाँडी गाउँपालिकाका उपाध्यक्ष शान्ति नाथ, बेलौरी नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत गणेश सिंह ऐरी, बेलौरी, पुनर्वास र बेलडाँडीका विभिन्न वडाका वडाध्यक्ष सहित जनप्रतिनिधि सहभागी भएका छन् ।

कार्यक्रममा बेलौरी नगरपालिका २ का वडा अध्यक्ष कलबिर चौधरीले प्रहरी चौकीहरुमा दरबन्दी अनुसारको प्रहरी खटाउनु पर्ने बताउँदै बजार क्षेत्रमा प्रहरी बिट र बेलौरी नगरपालिका वडा नम्बर ३ मा प्रहरी चौकी स्थापनाका पहल गर्न आग्रह गरे ।

बेलडाँडी गाउँपालिका ५ का वडा अध्यक्ष इन्द्र खड्काले पूर्ण रुपमा खुल्ला सीमालाई सहजता गराउनका लागि प्रहरी आवश्यक सहयोगले चोरी, तस्करी लगायतका घट्नामा कमी आउने बताए । बेलौरी नगरपालिका ७ का वडा अध्यक्ष प्रकाश श्रेष्ठले देशका कर्णधारका रुपमा रहेका बालबालिकामा लागू औषधका घट्नाले भयावह अवस्था आइरहेको उल्लेख गर्दै खुल्ला सीमामा कडाई गर्नुपर्नेमा जोड दिए ।

पुनर्वास नगरपालिका ६ का वडा अध्यक्ष मित्र सिंह लामाले कार्वाहीका प्रकिया गर्नुभन्दा पहिला गाउँ गाउँ बस्तीमा सचेतना कार्यक्रमको आयोजना गर्न सके लागू औषधका घटना न्यूनीकरण हुने बताए ।

पुनर्वास नगरपालिका ४ का वडाध्यक्ष मनोज जैशीले आफ्नो वडामा खुल्ला सीमामा धैरै बाटोहरू भएकाले यस्ता घटनाहरु बढेको बताउँदै एउटै बाटो प्रयोगका लागि पहल गर्न सके प्रभावकारी हुने बताए ।

कार्यक्रममा वडा अध्यक्ष भोजराज चौधरीले आफ्नो वडामा लागू औषधको घट्नाहरु बढ्दो क्रममा रहेकोमा जिज्ञासा राख्दै भन्सार क्षेत्रमा कडाई गर्नुपर्ने उल्लेख गरे ।

अभियान्ता धर्मेन्द्र गिरीले लागू औषधको ट्रान्जिट प्वाइन्टको रुपमा रहेको बताउँदै लागू औषध नियन्त्रणका लागि पहल गर्नुपर्ने बताए । अभिवावकले आ आफ्ना बालबालिकालाई कुलतबाट बचाउन कडाई गर्नुपर्ने समेत बताए ।

जिल्ला समन्वय समितिका उप सभापति रानाले गाउँ बस्ती स्तरमा लागू औषधको विषयमा जनचेतना जगाउनका लागि विभिन्न सचेतनाका कार्यक्रम गर्नुपर्नेमा जोड दिइन् । बेलडाँडी गाउँपालिकाका उपाध्यक्ष शान्ति नाथले जिल्ला प्रहरी कार्यालयको आयोजनामा महत्वपूर्ण कार्यक्रम गरिएकोमा धन्यवाद दिँदै लागु औषधका घट्नामा कमी ल्याउन हामी सबैले आ आफ्नो ठाउँबाट सहयोग गर्न सके सजिलै कमी आउने बताइन् ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रहरी विकले लागुऔषध नियन्त्रण र शान्ति सुरक्षाको उचित व्यवस्थापन अहिले नेपाल प्रहरीको प्राथमिकताको विषय बनेको उल्लेख गर्दै लागू औषध जस्तो गम्भीर समस्यालाई प्रहरी एक्लैले सहजै नियन्त्रण गर्न नसक्ने बताए । 'यो कार्यक्रममा उठेका विषय वस्तुलाई सम्बोधनका लागि माथिल्लो निकायमा पठाउने छौं' उनले भने ।

कार्यक्रम समापन गर्दै बेलौरी नगरपालिकाका कार्यवाहक नगर प्रमुख जोगराम चौधरीले लागू औषध बिरुद्दको महाअभियान कार्यक्रमबाट बेलौरी क्षेत्रमा सुरु गरिएको अभियानको दौरानमा घट्नामा केही आएपनि निरन्तरता दिन नसक्दा पछिल्लो समयमा यस्ता बिस्तारै बढ्दै गइरहेको बताउँदै हामी सबैले आफ्नो ठाउँबाट लागे सहजै नियन्त्रणमा लिन सकिने बताए ।

इलाका प्रहरी कार्यालय बेलौरी प्रमुख प्रहरी निरीक्षक भास्कर चन्दले कार्यक्रम सहजीकरण गरे ।

XI Science Management

Admission Open 2082

Apply Now!

Spot Entrance



Form Distribution: From 2082/03/22
Class Started: From 2082/04/18

**Features**
- Model Institution
- Use of ICT
- Smart board, Projector Fitted Classroom
- Huge Library
- Modern Computer Lab
- Well Furnished Reading Room
- Pure Drinking Water
- Health Checkup, Change Room
- Sports
- Huge Seminar Hall
- Career & Exam Support
- ECA & CCA Activities
- Affordable fee structure with installment payment options
- Educational tours, industrial visits

**Scholarship**
- 100% to who secure "A+" grade in SEE
- 100% to youngest student of 3 brothers and sisters of same parents
- 50% to the student who are sisters and brothers of same parents
- 50% to Orphans
- 20% to who secure "A" grade in SEE
- 10% to who secure "B+" grade in SEE
- 10% to the Female
- 10% to the students from Baitadi, Dadeldhura, Darchula, Achham, Bajhang, Bajura, Doti
- 10% to Dalit, Janajati, Aadibasi
- 10% to who secure more than 60% in Entrance Exam

Limited Seat

**Kanchan Vidya Mandir Secondary School**
Bheemdatta-04, Bankhet, Kanchanpur
Cont. 099521129, 522135, 521392, 9848720408, 9848720409, 9848741711

**महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर**

**भर्ना सम्बन्धि सूचना**

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

**भर्ना कार्यक्रम**
Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अन्तर्गत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ ।
**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर नि:शुल्क रुपमा भर्न सकिनेछ ।

**सिट संख्या**
मेडिकल ल्याब टेक्नोलोजी ३० जना, समान्य चिकित्सा ४० जना, डिप्लोमा इन फार्मेसी ४० जना अप्थाल्मिक साइन्स ४० जना, (१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet , (२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी, (५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क महाकाली बहुप्राविधिक शिक्षालय**
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९(५२००४४,९८४८७२०२४७,९८४८७२६८६५

विगत १२ वर्षदेखि महेन्द्रनगरमा सञ्चालनमा रहेको सु.प. कै उत्कृष्ट कलेज

ADMISSION OPEN!

100% JOB PLACEMENT



+2 HOTEL MANAGEMENT
COMPUTER COMMERCE

SEEमा जुनसुकै ग्रेड आए पनि पढ्न पाईन्छ ।

Hotel Management
Courses
- F & B Service
- F & B Production (Cook)
- Bartender/Sushi Training
- Barista Coffee Training
- Housekeeping

50% SCHOLARSHIP FOR GIRLS

Bheemdatt-18, Janakitole (Near Florida School) Mahendranagar, Kanchanpur

099-520086, 9848857933, 9865691710

APEX GODAWARI ACADEMY

# मुख्यमन्त्रीलाई विश्वासको मत दिन एमाले सुदूरपश्चिमले जारी गऱ्यो ह्वीप

**–पश्चिम नेपाल संवाददाता**
**धनगढी, १४ साउन**

नेकपा (एमाले) सुदूरपश्चिमले मुख्यमन्त्री कमलबहादुर शाहलाई विश्वासको मत दिन ह्वीप जारी गरेको छ।

बुधबार बसेको एमाले प्रदेश संसदीय दलको बैठकले मुख्यमन्त्री शाहलाई विश्वासको मत दिन ह्वीप जारी गर्ने निर्णय गरेको हो।

प्रदेश संसदीय दलका प्रमुख सचेतक सुरेन्द्र पालले सबै प्रदेश सभा सदस्यलाई अनिवार्य बैठकमा उपस्थित भएर मुख्यमन्त्रीको विश्वासको मतको पक्षमा मतदान गर्न ह्वीप जारी गरिएको जानकारी दिए।



मुख्यमन्त्री शाहले बिहीबार साँझ ५ बजे बस्ने प्रदेश सभाको बैठकमा विश्वासको मत लिने कार्यसूची छ। नागरिक उन्मुक्ति पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री शाह विश्वासको मत लिन लागेका हुन।सरकारमा सामेल उद्योग पर्यटन वन तथा वातावरण मन्त्री रहेका रामेश्वर चौधरीलाई बर्खास्त गरेपछि नाउपाले समर्थन फिर्ता लिएको थियो।

नेपाली कांग्रेस संसदीय दलले यसअघि नै प्रदेश सभा बैठकका अनिवार्य उपस्थित भएर मुख्यमन्त्री शाहलाई विश्वासको मतको पक्षमा मतदान गर्न ह्वीप जारी गरिसकेको छ।

५३ सदस्यीय (एक जना निलम्बन) सुदूरपश्चिम प्रदेश सभामा मुख्यमन्त्रीलाई विश्वासको मत प्राप्त गर्न २७ जनाको समर्थन चाहिन्छ। अहिले शाहसँग एमालेका ११ र कांग्रेसका १८ गरेर २९ जना प्रदेश सभा सदस्यको समर्थन छ।

प्रदेश सभामा नेकपा माओवादी केन्द्रका ११ (सभामुखसहित), नागरिक उन्मुक्ति पार्टीका ७, नेकपा एकीकृत समाजवादीका ४ (एक निलम्बन), राप्रपा र स्वतन्त्र एक/एक सांसद छन्।

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुर

## सूचना ! सूचना !! सूचना !!!

*मिति २०८२/४/१५ गते*

यस कार्यालयको आ.ब २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पशुपन्छी तथा मत्स्य कर्जामा व्याज तथा बिद्युत महशुलमा अनुदान कार्यक्रम प्रारम्भ भएकोले ईच्छुक तथा सम्बन्धित कृषक वा कृषि संस्थाहरु (समूह, सहकारी,फर्म,कम्पनि आदि) बाट व्यावसायिक कृषिका लागि कृषि तथा पशुपन्छी ब्यवसायमा अनुदान परिचालन (पहिलो संशोधन) कार्यविधि २०७८ बमोजिम कार्यक्रममा सहभागी हुन यो सूचना प्रकाशित भएको मितिले ३० औ दिन कार्यालय समय भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ। सूचनाको म्याद समाप्त भए पश्चात तथा आवश्यक कागजात नपुग भएका प्राप्त आवेदनहरु उपर कुनै कारवाहि गरिने छैन।

**आवश्यक कागजातहरू:**

क. रु.१० को टिकट टाँस गरेको निवेदन तथा प्रस्ताव पत्र (अनुसूची ५)।
ख. कृषक संस्था दर्ता प्रमाण पत्र, पान नं. तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
ग. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
घ. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
ङ. निवेदन/प्रस्ताव बाफतको राजश्व दस्तुर रकम तपसिल अनुसार प्रदेश सरकारको रा.बा.बैंक स्थित राजश्व शिर्षक नं.१४२२९ र कार्यालय कोड भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुर ३१२०२७६०१७ मा जम्मा गरेको भौचर वा कार्यालयले जारी गरेको नगदी रसिद (पछि फिर्ता नहुने गरि)।
- रु.१ लाख भन्दा कमको प्रस्तावको लागि शुल्क नलाग्ने।
- रु.१ लाख देखि माथी रु.५ लाख सम्मको प्रस्तावको लागि रु.३००।-
- रु.५ लाख देखि माथीको प्रस्तावको लागि रु.१०००।-

**नोट** : प्रस्तावको अनुसूचीहरु यस कार्यालय तथा सम्बन्धित स्थानिय तह पशु सेवा शाखाबाट उपलब्ध गराईनेछ।
विस्तृत जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुर फोन नं. ९८५८७५०३७९, ९८५८७८४५२४ र ९८४८८८१३६१




भर्ना खुल्यो ! भर्ना खुल्यो !

CTEVT बाट सम्बन्धन प्राप्त
प्राविधिक शिक्षामा सुदूरपश्चिमको सवैभन्दा पुरानो शैक्षिक संस्था

## वैजनाथ ईन्जिनियरिङ्ग कलेज

भीमदत्त–४, भगतपुर, कञ्चनपुर

**कार्यक्रम:**

डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ्ग (३ वर्ष)
DIPLOMA IN CIVIL ENGINEERING

SEE/SLC उत्तीर्ण विद्यार्थीहरुले समयमै सम्पर्क गर्नुहोला

Online फारम भर्ने मिति:
२०८२।०३।२३ गते देखि २०८२।०४। २० गते सम्म

सिट संख्या: ४८ जना

ग्रेड बृद्धिको परीक्षामा सहभागी हुने विद्यार्थीले समेत फारम भर्न सक्नेछन्।

विस्तृत जानकारीका लागि :

वैजनाथ ईन्जिनियरिङ्ग कलेज
भी.न.पा.–४,भगतपुर, कञ्चनपुर
(पुरानो लिटिल बुद्ध एकेडेमीको भवनमा)
फोन नं. ०९९–५२२५२६, ९८४८७६०२४२, ९८४८७५६७२३, ९८६८७९७१२३




## सम्पत्ति विवरण बुझाऔं

❖सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नु पर्छ,
❖राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,
❖प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफ् कार्यरत कार्यालयमार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्छ,
❖करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,
❖सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
❖समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ।

"त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं"।

नेपाल सरकार
विज्ञापन बोर्ड




मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७